बैठक संख्याः नौ (९)

आज मिति २०८० साल फागुन ०३ गते बिहिबारको दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्रीमान अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिती

| क्र.सं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडा अध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडा अध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडा अध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडा अध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडा अध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडा अध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ्ग | |
| १० | वडा अध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडा अध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | श्री लिलाराज श्रेष्ठ | |

सहायक कर्मचारीहरुः

१. श्री रसना मगर
२. श्री रवि कटुवाल

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा ।
२. बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
३. स्वास्थ्य आमा समुह गठन तथा परिचालन कार्यविधि, २०८० सम्बन्धमा ।
४. कृषि बिकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० सम्बन्धमा ।
५. आर्थिक ऐन, २०८० संशोधन सम्बन्धमा ।
६. शिक्षा समिति सदस्य सम्बन्धमा ।
७. सामाजिक विकास समितिको निर्णय सम्बन्धमा ।
८. खेलकुद विकास समितिको निर्णय सम्बन्धमा ।
९. स्थानीय हाटबजार व्यवस्थापन सम्बन्धमा ।
१०. विषयगत समितिको निर्णय सम्बन्धमा
११. योजना बैंक अध्याबधिक सम्बन्धमा ।

**निर्णयहरु :**

**१. निर्णय नं १. प्रस्ताव नं १, उपर निर्णय :**

प्रस्ताव नं. १ मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको वैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. **निर्णय नं २. प्रस्ताव नं २, उपर निर्णय** :

प्रस्ताव नं. २ मा आवश्यक छलफल गर्दा गाउँपालिकाको १४ औ गाउँ सभाबाट पारित भएका तपसिलका योजनाहरु सम्बन्धित वडा समितिको निर्णय बमोजिम संशोधन गरि आगामि १५औं गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

| **सि.नं.** | **साविक कार्यक्रम तथा योजनाको नाम** | **रकमान्तर** | **शंशोधित कायम हुने योजना** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | बिचारी आहाल पोखरी निर्माण योजना लिखु - २ | २,००,०००/- | बिचारी आहाल शिव मन्दिर निर्माण योजना लिखु — २ | १,५०,०००/- | वडा समितिको निर्णय अनुसार शीर्षकान्तर |
| २. | फेदी खोला मर्मत योजना लिखु - २ | १,२०,०००/- | आँपडाँडा मुहाने डिल सडक योजना लिखु — २ | १,७०,०००/- | वडा समितिको निर्णय अनुसार शीर्षकान्तर |
| ३ | चुलीदेवी मन्दिर मर्मत लिखु - ४ | १,००,०००/- | यसम मा.वि. खेलमैदान व्यवस्थापन, लिखु - ४ | १,००,०००/- | कार्यपालिका रकमान्तर |

३. **निर्णय नं ३. प्रस्ताव नं ३, उपर निर्णय** :

**प्रस्ताव नं.** ३ मा आवश्यक छलफल गर्दा स्वास्थ्य आमा समुह गठन तथा परिचालन कार्यविधि, २०८० सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

४. **निर्णय नं ४. प्रस्ताव नं ४, उपर निर्णय :**
प्रस्ताव नं. ४ मा आवश्यक छलफल गर्दा कृषि बिकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० उपर आवश्यक अध्ययन तथा परिमार्जन गरी आगामि गाउँ कार्यपालिका बैठकमा पेश गर्न विधेयक समितिमा पठाउने सर्वसम्मतबाट निर्णय गरियो।

५. **निर्णय नं. ५, प्रस्ताव नं. ५, उपर निर्णय :**
प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १३ सगँ सम्बन्धित अनुसूची -११ मा भएको व्यवस्था अनुसार जडिबुटी तथा कृषि उत्पादन व्यवसायिक कारोबार सम्बन्धी क्र.स. नं. १६ मा रहेको मछिनो (प्रति के.जी.) विक्रय मुल्यको ५% लाई संशोधन गरि प्रतिलिटर रु. ५० (पचास) कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

६. **निर्णय नं. ६, प्रस्ताव नं. ६, उपर निर्णय :**
प्रस्ताव नं. ६ माथी आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको शिक्षा समितिको मिति २०८०/०९/२३ गतेको निर्णयानुसार गाउँ शिक्षा समितिमा विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुको तर्फबाट मनोनित सदस्य श्री केवल बहादुर थापाको समिति सदस्यको समयावधि १ बर्ष थप गर्ने सर्वसम्मत निर्णय गरियो।

७. **निर्णय नं. ७, प्रस्ताव नं.७ , उपर निर्णय :**
प्रस्ताव नं. ७ माथी आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको सामाजिक विकास समितिद्धारा पेश भएको निर्णयको सम्बन्धमा शिक्षा शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखलाई ७ दिन भित्र लिखित स्पष्टिकरण पेश गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

८. **निर्णय नं. ८, प्रस्ताव नं. ८, उपर निर्णय :**
प्रस्ताव नं. ८ माथी आवश्यक छलफल गर्दा खेलकुद विकास समितिको मिति २०८०/११/०३ गतेको निर्णयानुसार पेश भएको प्रस्ताव अनुसार तोकिएको समयमा अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गर्ने र प्रस्ताव बमोजिमको आवश्यक बजेट आगामी कार्यपालिका बैठकबाट व्यवस्थापन गर्ने सर्वसम्ममत निर्णय गरियो।

९. **निर्णय नं. ९, प्रस्ताव नं. ९, उपर निर्णय :**
प्रस्ताव नं. ९ मा आवश्यक छलफल गर्दा आर्थिक विकास समितिको मिति २०८०/११/०३ गतेको निर्णयानुसार स्थानीय हाटबजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि , २०७७ को दफा ३ बमोजिमको सञ्चालक समिति गठन गर्ने निर्णय गरियो।

१०. **निर्णय नं. १०, प्रस्ताव नं. १०, उपर निर्णय :**
प्रस्ताव नं. १० मा आवश्यक छलफल गर्दा आर्थिक विकास समितिको मिति २०८०/११/०३ गतेको निर्णय र पुर्वाधार विकास समितिको मिति २०८०/११/०३ गतेको निर्णय आवश्यक कार्यान्वियन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

११. **निर्णय नं. ११, प्रस्ताव नं. ११, उपर निर्णय :**
प्रस्ताव नं. ११ मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आयोजना बैंकमा भएका आयोजनाहरुको संशोधन तथा अद्यावधिक गरी सभाको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।